सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
राजपुर, दिपायल, डोटी

फोन नं. ०९४-४४०१३५
Website: eddsp.gov.np
Emial Id:rdfwred@gmail.com

प.सं.: २०८०/०८१
च.नं.

मितिः२०८०।१२।२१

विषयः प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

श्री सामुदायिक क्याम्पसहरु सबै
सुदूरपश्चिम प्रदेश, नेपाल ।

उपर्युक्त सम्बन्धमा यस निर्देशनालयको आ.व.२०८०/०८१ को वार्षिक कार्यक्रम अनुसार **कार्यसम्पादनको आधारमा सामुदायिक क्याम्पसहरुलाई अनुदान कार्यक्रम** रहेकोले उक्त कार्यक्रम संचालन गर्न चाहने इच्छुक सामुदायिक क्याम्पसहरुले मिति २०८१/०१/२० गते भित्र तपसिलको कागजात सहित क्याम्पस स्वमूल्याङ्कन/ मूल्याङ्कन फाराम भरी सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालय वा यस निर्देशनालयमा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकासित गरिएको छ। क्याम्पस स्वमूल्याङ्कन/ मूल्याङ्कन फाराम यस निर्देशनालयको वेभसाइट eddsp.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

दुर्गा दत्त बिष्ट
निर्देशक

<u>प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरु:</u>

(क)क्याम्पसको लेटरहेडमा अख्तियारी प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा हस्ताक्षरित अनुरोध पत्र र प्रस्तावना
(ख) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको तहगत र संकायगत विवरण(अन्तिम तीन वर्षको) तथा शिक्षक कर्मचारीहरूको विवरण,
(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
(घ) क्याम्पस सञ्चालन भएको ३ वर्ष पुरा भएको र शैक्षिक सत्र ( अन्तिम वर्षको परीक्षाफल प्रकाशित(उत्तीर्ण १ जना विद्यार्थीको ट्रान्सक्रिप्ट ) पुरा गरेको प्रमाण खुल्ने कागजपत्र,
(ङ) विश्वविद्यालय अनुदान आयोग वा सम्बन्धन दिने विश्वविद्यालयबाट सामुदायिक क्याम्पस रहेको भनी व्यहोरा खुल्ने कागजात र पब्लिक क्याम्पस संघको सदस्यता लिएको भए सोको प्रमाणपत्र,
(च) क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्था सहित सबल र दुर्वल पक्ष एवं भावी चुनौतिहरू समेत उल्लेख भएको साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन,
(छ) विश्वविद्यालयबाट कार्यक्रम सञ्चालन गर्न सम्बन्धन प्राप्त गरेको पत्रको प्रतिलिपि,
(ज) क्याम्पसको स्वीकृत विधान
(झ) अनुदान रकमको उपयोग सम्बन्धि विस्तृत विवरण (तलव भत्ता बाहेक)
(ञ) क्याम्पसको खाता नम्वर र बैंकको नाम स्पष्ट देखिने गरी चेकको प्रतिलिपि अनिवार्य समावेश गर्नु पर्ने
(ट) क्याम्पस स्वमूल्याङ्कन/ मूल्याङ्कन फाराममा उल्लेखित सूचकहरु पुष्ट्याइ हुने सहायक कागजातहरु

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
राजपुर, दिपायल, डोटी

फोन नं. ०९४-४४०१३५
Website: eddsp.gov.np
Emial Id:rdfwred@gmail.com

प.सं.: २०८०/०८१
च.नं.

मितिः२०८०।१२।२१

विषयः प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

श्री विज्ञान विषय पढाइ हुने सरकारी क्याम्पसहरु सबै
सुदूरपश्चिम प्रदेश, नेपाल ।

उपर्युक्त सम्बन्धमा यस निर्देशनालयको आ.व.२०८०/०८१ को वार्षिक कार्यक्रम अनुसार **कार्यसम्पादनको आधारमा विज्ञान विषय पढाइ हुने सरकारी क्याम्पसहरुलाई अनुदान कार्यक्रम** रहेकोले उक्त कार्यक्रम संचालन गर्न चाहने इच्छुक उपरोक्त विषय पढाइ हुने सरकारी क्याम्पसहरुले मिति २०८१/०१/२० गते भित्र तपसिलको कागजात सहित क्याम्पस स्वमूल्याङ्कन/ मूल्याङ्कन फाराम भरी सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालय वा यस निर्देशनालयमा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकासित गरिएको छ। क्याम्पस स्वमूल्याङ्कन/ मूल्याङ्कन फाराम यस निर्देशनालयको वेभसाइट eddsp.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

दुर्गा दत्त बिष्ट
निर्देशक

<u>प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरु:</u>

(क)क्याम्पसको लेटरहेडमा अख्तियारी प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा हस्ताक्षरित अनुरोध पत्र र प्रस्तावना
(ख) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको तहगत र संकायगत विवरण(अन्तिम तीन वर्षको) तथा शिक्षक कर्मचारीहरूको विवरण,
(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
(घ) क्याम्पस सञ्चालन भएको ३ वर्ष पूरा भएको र शैक्षिक सत्र ( अन्तिम वर्षको परीक्षाफल प्रकाशित(उत्तीर्ण १ जना विद्यार्थीको ट्रान्सक्रिप्ट ) पुरा गरेको प्रमाण खुल्ने कागजपत्र,
(ङ) विश्वविद्यालय अनुदान आयोग वा सम्बन्धित विश्वविद्यालयबाट आङ्गिक क्याम्पस रहेको भनी व्यहोरा खुल्ने कागजात,
(च) क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्था सहित सबल र दुर्वल पक्ष एवं भावी चुनौतिहरू समेत उल्लेख भएको वार्षिक प्रतिवेदन,
(छ) अनुदान रकमको उपयोग सम्बन्धि विस्तृत विवरण (तलव भत्ता बाहेक)
(ज) क्याम्पसको खाता नम्वर र बैंकको नाम स्पष्ट देखिने गरी चेकको प्रतिलिपि अनिवार्य समावेश गर्नु पर्ने
(झ) क्याम्पस स्वमूल्याङ्कन/ मूल्याङ्कन फाराममा उल्लेखित सूचकहरु पुष्ट्याइ हुने सहायक कागजातहरु